POKHARA UNIVERSITY
FACULTY OF MANAGEMENT STUDIES
OFFICE OF THE DEAN
Lekhnath, Kaski

Ref. No. : CS8/062/063.

मिति : २०७३।२।०५

श्री गणपति ट्रेडिङ्ग हाउस,
सितलदेवी-११, पोखरा ।

विषय : सम्झौता गर्न आउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा स्कूल अफ विजनेश, व्यवस्थापन संकायबाट माग गरिएको कार्यालय उपकरण मर्मत सम्बन्धी मूल्य सूची अन्तर्गत तपाईले दिएको दररेट सबैभन्दा कम र सस्तो भएकोले आजको मितिले तीन दिनभित्र सम्झौता गर्न आउनहुन यसै पत्रमार्फत् जानकारी गराइन्छ ।

प्रमोद गिरी
सहायक प्रशासक

बोधार्थ :

१)श्री जेनेक्स अटोमेशन प्रा.लि.

यहाँले कार्यालय उपकरण मर्मत सम्बन्धी रेट लिष्ट उपलब्ध गराई सहयोग गरिदिनुभएकोमा धन्यवाद सहित आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्दछौं ।

२) श्री कस्मीक कम्प्युटिङ्ग सोलुसन

यहाँले कार्यालय उपकरण मर्मत सम्बन्धी रेट लिष्ट उपलब्ध गराई सहयोग गरिदिनुभएकोमा धन्यवाद सहित आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्दछौं ।

Tel :0977-61-561547,561696, Kathmandu 01-4486905, Nepal,

व्यवस्थापन संकाय, पोखरा विश्वविद्यालयको तर्फबाट निमित्त डीन बलराम भट्टराई (यस पछि प्रथम पक्ष भनिएको) र जिल्ला कास्की, पोखरा शितलदेवी-११ स्थित श्री गणपति ट्रेडिङ्ग हाउसका प्रोप्राइटर वर्ष ३५ का श्री राजु लामा (यस पछि दोश्रो पक्ष भनिएको) वीच तल उल्लेखित शर्तहरु बमोजिम गर्ने गराउने गरी सम्पन्न भएको ।

१. प्रथम पक्षलाई आवश्यकत्ता बमोजिमका कार्यालय उपकरण मर्मत सम्बन्धी सामान तथा सेवा दोश्रो पक्षबाट कोटेसनमा पेश भए बमोजिमका सामान तथा सेवा व्यवस्थापन संकायमा उपलब्ध गराउन दुवै पक्ष सहमत गर्दछौं ।

२. कार्यालय उपकरण मर्मतका लागि आदेश दिएको मितिले ७ दिन भित्रमा मर्मत गरी व्यवस्थापन संकायमा सामान उपलब्ध गराउन दुवै पक्ष सहमत गर्दछौं ।

३. दोश्रो पक्षबाट पेश भएको दररेट चालु आर्थिक वर्ष भरको लागि भएकोले २०७३ आषाढ मसान्तसम्म उल्लेखित मूल्यमा नयाँ सामान आपूर्ति गर्न, मर्मत गर्न तथा रिफिल गर्न गराउन दुवै पक्ष सहमत गर्दछौं ।

४. कार्यालय उपकरण मर्मत गरी उपलब्ध गराएपश्चात् भ्याटको बिल पेश गर्न दुवै पक्ष सहमत छौं साथै बिल प्राप्त भएको १५ दिन भित्रमा भुक्तानी लिन दिन दुवै पक्ष सहमत गर्दछौं ।

५. भुक्तानी दिँदा नियमानुसार कर कट्टा गरी लिन दिन दुवै पक्ष सहमत गर्दछौं ।

६. कोटेशनमा उल्लेख गरिए बमोजिमका नयाँ सामान आपूर्ति गर्न मर्मत गर्न र रीफील गर्ने सामानको गुणस्तर राम्रो नभएमा सामान फिर्ता लिन दिन दुवै पक्ष सहमत गर्दछौं ।

प्रथम पक्षको तर्फबाट

B. Bhattarai
..............................

बलराम भट्टराई
निमित्त डीन
व्यवस्थापन संकाय, पोखरा विश्वविद्यालय

लेखनाथ, कास्की
मिति : २०७३।०२।०६

दोश्रो पक्षको तर्फबाट

Ganapati Trading House, Pokhara
..............................

श्री राजु लामा
प्रोप्राईटर
गणपति ट्रेडिङ्ग हाउस,

शितलदेवी-११, पोखरा
मिति : २०७३।०२।०६